२०७० साल

लोकसेवा आयोग

**राजपत्राङ्कित तृतीय श्रेणी अप्राविधिक तर्फ शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा**

**समयः- ३ घण्टा** **पत्रः- द्वितीय (शासन प्रणाली)** **पूर्णाङ्कः- १००**

निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## Section A (30 Marks)

१. शासनका विशिष्ट गुणहरू प्रस्तुत गर्नुहोस् र शासन तथा सरकारबीचका प्रमुख भिन्नताहरु औंल्याउनुहोस्।

२. नेपालको प्रशासनिक संरचना जनमैत्री बनाउन के कस्ता सुधार आवश्यक ठान्नुहुन्छ? व्याख्या गर्नुहोस्। (१०)

३. नेपालको वर्तमान राजनीतिक आर्थिक तथा सामाजिक परिवेशमा सूचनाको हकको पूर्ण प्रत्याभूति गराउन राज्यसामु रहेका मुख्यमुख्य चुनौतीहरूको चर्चा गर्दै सूचनाको हक र पारदर्शिताका सीमाहरू उल्लेख गर्नुहोस्। (५+५)

## Section B (20 Marks)

४. संविधानमा राज्यका तीन अङ्गका बीच शक्ति सन्तुलन र नियन्त्रणको प्रभावकारी व्यवस्था कसरी गरिएको छ? विवेचना गर्नुहोस्। (१०)

५. "कानूनी राज्य" को अवधारणाको वर्णन गर्नुहोस् र नेपालमा कानूनी राज्यको अवस्थाको मुल्याङ्कन गर्नुहोस्। (४+६)

## Section C (30 Marks)

६. राजनीतिक तटस्थता भनेको के हो? नेपालको सार्वजनिक व्यवस्थापनमा राजनैतिक तटस्थताको प्रयोग सम्बन्धी विद्यमान समस्याहरुको विवेचना गर्नुहोस्।(४+६)

७. सार्वजनिक सेवा प्रवाहलाई सहज तुल्याउन नेपालमा अवलम्वन गरिएका नवप्रवर्तनशील कदमहरु उल्लेख गर्दै सार्वजनीक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउने क्रममा देखिएका प्रमुख समस्याहरुको समिक्षा गर्नुहोस्। (५+५)

८. "सार्वजनीक सेवा वडापत्र" का उदेश्यमाथि प्रकाश पार्दै यसका फाईदाहरु उल्लेख गर्नुहोस्।(५+५)

## Section D (20 Marks)

९. मानव संशाधन विकासका विशेषताहरु उल्लेख गर्दै यसका आवश्यकताको बारेमा प्रष्ट पार्नुहोस्।(५+५)

khadakbc.com.np(open mind)

१०. सरकारी लेखा प्रणालीबारे चर्चा गर्दै यो प्रणालीबाट नेपालको वित्तिय व्यवस्थापनमा पुगेको योगदानबारे चर्चा गर्नुहोस्। (४+६)

## २०७१ साल

## लोकसेवा आयोग

## राजपत्राङ्कित तृतीय श्रेणी अप्राविधिक तर्फ शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

**समयः- ३ घण्टा** **पत्रः- द्वितीय (शासन प्रणाली)** **पूर्णाङ्कः- १००**

निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

khadakbc.com.np(open mind)

### Section A (30 Marks)

१. नेपालमा विकेन्द्रीकरणका प्रयासहरु उल्लेख गर्दै स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्वायत्त शासन प्रणालीका विशेषताहरु लेख्नुहोस्। (१०)

२. नेपालको हालको शासन प्रणाली संसदीय शासन पद्धतिसँग मिल्दोजुल्दो छ, भनिन्छ। संसदीय शासन पद्धतिका विशेषतासँग हाम्रो शासन प्रणालीको तुलना गर्नुहोस्। (१०)

३. शासन प्रणालीका लागि पारदर्शिता किन वाञ्छनीय छ? नेपालले शासन प्रणालीलाई पारदर्शी बनाउनको लागि लिएका कदमहरु बताउनुहोस्। (५+५)

### Section B (20 Marks)

४. नेपालको संवैधानिक विकासक्रम बारेमा प्रकाश पार्दै संविधानका आधारभुत विशेषताहरु के के हुन्? लेख्नुहोस्। (५+५)

५. लोकतान्त्रीक शासन पद्धतिमा नागरिक चेतनाको महत्व उल्लेख गर्नुहोस्। राष्ट्र निर्माणको सन्दर्भमा जनताका जिम्मेवारी प्रष्ट पार्नुहोस्। (५+५)

### Section C (30 Marks)

६. विद्युतीय शासन भनेको के हो? नेपालमा विदुतीय शासनको सम्भावना बारे टिप्पणी गर्नुहोस्। (३+७)

७. नेपालमा सार्वजनीक कोषको सदुपयोग गर्न के कस्तो ब्यवस्था गरिएको छ? उल्लेख गर्दै सार्वजनीक कोष सदुपयोग गर्दा नैतिकताको भूमिकाको चर्चा गर्नुहोस्। (५+५)

८. नेपालको सार्वजनीक सेवा प्रभावकारी हुन सकेको छैन भन्ने जनगुनासो रहेको छ। यसलाई प्रभावकारी बनाउन के कस्ता उपायहरु अवलम्वन गर्नुपर्ला? सुझाव दिनुहोस्। (१०)

### Section D (20 Marks)

९. नेपालको सार्वजनीक सेवामा मेधावी जनशक्ती आकर्षण गर्न र ती जनशक्तिको कार्य सम्पादन स्तर अब्बल बनाइ राख्न लोक सेवा आयोग र सेवा सञ्चालन गर्ने निकायले के कस्तो भूमिका निर्वाह गर्नुपर्ने ठान्नुहुन्छ? उल्लेख गर्नुहोस्।(५+५)

१०. सहभागितामूलक योजनाको सन्दर्भमा नेपालमा भएका सुधार प्रयासहरुको सिंहावलोकन गर्नुहोस्।(१०)

## २०७२ साल

## लोकसेवा आयोग

## राजपत्राङ्कित तृतीय श्रेणी अप्राविधिक तर्फ शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

**समयः- ३ घण्टा** **पत्रः- द्वितीय (शासन प्रणाली)**

**पूर्णाङ्कः- १००**

निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

### Section A (30 Marks)

१. संयुक्त राष्ट्र सङ्घका उद्देश्य र सिद्धान्तहरू उल्लेख गर्नुहोस्। संयुक्त राष्ट्रसङ्घले आफ्नो उद्देश्य कत्तिको हासिल गरेको ठान्नुहुन्छ? चर्चा गर्नुहोस्। (५+५)

२. नेपालले सुरु गरेको सङ्घीय शासन प्रणालीलाई प्रभावकारी तुल्याउन विद्यमान प्रशासनिक संरचनामा के कस्ता सुधारहरु गर्नु उपयुक्त होला? तर्क प्रस्तुत गर्नुहोस्। (१०)

३. के शासन र सरकार भनेको एउटै कुरा हो? उपयुक्त उदाहरण दिँदै उत्तर दिनुहोस्।(१०)

### Section B (20 Marks)

४. लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्बर्धन र प्रवर्द्धन गर्ने सिलसिलामा विद्यमान नेपालको संविधानले अवलम्बन गरेका सिद्धान्तहरू बारेमा प्रकाश पार्नुहोस्। (५+५)

५. छोटकरीमा टिप्पणी लेख्नुहोस्। (५+५)

क) सकारात्मक विभेद

ख) समानुपातिक प्रतिनिधित्व

### Section C (30 Marks)

६. "पारदर्शिता" तथा "उत्तरदायित्व" सार्वजनिक सेवा प्रवाहका दुई मुख्य आधार स्तम्भहरू हुन्। यो भनाइलाई पुष्टि गर्नुहोस्।(१०)

७. नेपालको सार्वजनिक कोष प्रशासनको सदाचार र नैतिकतामा ह्रास आउनुका प्रमुख कारणहरू उल्लेख गर्दै निवारणका तरिकाको चर्चा गर्नुहोस्। (१०)

८. छोटकरीमा टिप्पणी गर्नुहोस्। (५+५)

क) कर्मचारीतन्त्रका विशेषता

ख) विद्युतीय शासन

khadakbc.com.np(open mind)

## Section D (20 Marks)

९. मानव स्रोत व्यवस्थापनका विभिन्न आयामबारे वर्णन गर्नुहोस्। कर्मचारी प्राप्तिका सन्दर्भमा अवलम्बन गर्नुपर्ने चरणहरूको जानकारी दिनुहोस्।(५+५)

१०. योजना निर्माण कार्यमा के कस्ता क्रियाकलाप समावेश हुन्छन्? वर्णन गर्नुहोस्।(१०)

## २०७३ साल

## लोकसेवा आयोग

## राजपत्राङ्कित तृतीय श्रेणी अप्राविधिक तर्फ शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

**समयः- ३ घण्टा** **पत्रः- द्वितीय (शासन प्रणाली)** **पूर्णाङ्कः- १००**

निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## Section A (30 Marks)

१. नेपालको राष्ट्रिय सुरक्षा व्यवस्थापनको परिचय दिनुहोस्। राष्ट्रिय सुरक्षा व्यवस्थापनमा देखिएका समसामयिक सवालहरूको विवेचना गर्दै नेपालले अवलम्बन गर्नुपर्ने भावी रणनीतिबारे चर्चा गर्नुहोस्।(१०)

२. राष्ट्र र राज्यबारे नेपालको संविधानले गरेको व्यवस्था उल्लेख गर्दै राष्ट्र निर्माण र राज्य निर्माणको अवधारणाको बारेमा चर्चा गर्नुहोस्।(१०)

३. नेपालको कार्यपालिकाको गठन विधि उल्लेख गर्दै कार्यपालिकाको वित्तीय भूमिका बारे स्पष्ट गर्नुहोस्। (१०)

## Section B (20 Marks)

४. नागरिक अधिकार र नागरिक जिम्मेवारीको सम्बन्धमा नेपालको संविधानले के कस्तो व्यवस्था गरेको छ? नागरिक अधिकार र नागरिक जिम्मेवारीको पूर्ण प्रयोगको लागि आवश्यक नागरिक चेतना अभिवृद्धि कसरी गर्न सकिन्छ?(१०)

५. सकारात्मक विभेद भन्नाले के बुझिन्छ? सकारात्मक विभेदको पक्ष र विपक्षमा चर्चा गर्नुहोस्। (३+७)

## Section C (30 Marks)

६. सार्वजनिक नीतिको परिभाषा गर्नुहोस् र नेपालमा सार्वजनिक नीति कार्यान्वयन प्रक्रियामा रहेका समस्या र समाधानका उपायहरु उल्लेख गर्नुहोस्। (१०)

७. विद्युतीय शासन भन्नाले के बुझ्नुहुन्छ? विद्युतीय शासनलाई प्रभावकारी बनाउन के गर्नुपर्ला? सुझाव दिनुहोस्।(१०)

khadakbc.com.np(open mind)

८. सार्वजनिक व्यवस्थापनको सन्दर्भमा सदाचारिताको महत्त्वमाथि प्रकाश पार्नुहोस्। नेपालको सार्वजनिक प्रशासनमा सदाचारिता सुनिश्चित गर्न के कस्ता सुधारहरु आवश्यक ठान्नुहुन्छ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस्।(१०)

## Section D (20 Marks)

९. सहस्राब्दी विकास लक्ष्यका सन्दर्भमा नेपालले हासिल गरेका प्रगतिको समीक्षा गर्दै आवधिक योजनाको सोच लक्ष्य र उद्देश्य प्राप्त गर्न अघि सारिएका प्रमुख रणनीति औंल्याउनुहोस्। (१०)

१०. सामाजिक उत्तरदायित्व के हो? सार्वजनिक वित्तीय व्यवस्थापनमा सामाजिक उत्तरदायित्वको के के महत्व छ? (४+६)

## २०७४ साल

## लोकसेवा आयोग

## राजपत्राङ्कित तृतीय श्रेणी अप्राविधिक तर्फ शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

**समयः- ३ घण्टा** **पत्रः- द्वितीय (शासन प्रणाली)** **पूर्णाङ्कः- १००**

निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## Section A (30 Marks)

१. पारदर्शिता प्रवर्द्धन मार्फत सुशासनका लागि योगदान गर्न सूचनाको हकले कस्तो भूमिका खेल्न सक्छ? नेपालको संविधानमा सूचनाको हक सुनिश्चित गर्न भएका व्यवस्थाहरु बारे समीक्षा गर्नुहोस्। (१०)

२. राष्ट्रिय सुरक्षा व्यवस्थापनको क्षेत्र र नेपालमा राष्ट्रिय सुरक्षाको विद्यमान प्रावधानहरु बारे चर्चा गर्नुहोस्।(१०)

३. शासन व्यवस्था सञ्चालनको क्षेत्रमा व्यावसायिक शासन भन्नाले के बुझिन्छ? सरकारको प्रभावकारिता अभिवृद्धि गर्न व्यावसायिक सरकारको भूमिका र उत्तरदायित्वबारे चर्चा गर्नुहोस्। (१०)

## Section B (20 Marks)

४. राज्यका निर्देशक सिद्धान्त र नीतिहरूको उद्देश्य के हो? राज्य सञ्चालनका पद्धतिमा निर्देशक सिद्धान्त र नीतिको कसरी प्रयोग गरिएको हुन्छ? चर्चा गर्नुहोस्।(१०)

५. नागरिक चेतना भन्नाले के बुझिन्छ? नेपालमा सार्वजनिक उत्तरदायित्व कमजोर हुन के कस्ता कारणहरु जिम्मेवार ठान्नुहुन्छ? विश्लेषण गर्नुहोस् (१०) ।

## Section C (30 Marks)

६. सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धिको लागि भएका प्रमुख व्यवस्थाहरू उल्लेख गर्दै नागरिक वडापत्रको अवधारणामाथि प्रकाश पार्नुहोस्।(१०)

khadakbc.com.np(open mind)

७. सार्वजनिक उत्तरदायित्व भन्नाले के बुझिन्छ? नेपालमा सार्वजनिक उत्तरदायित्व कमजोर हुन के कस्ता कारणहरु जिम्मेवार ठान्नुहुन्छ? विश्लेषण गर्नुहोस्। (१०)

८. सार्वजनिक कोषको परिचालनमा सदाचार र नैतिकताको गिरावटलाई कसरी व्यवस्थापन गर्न सकिन्छ? उपयुक्त एवं व्यवहारिक सुझाव दिनुहोस्।(१०)

**Section D (20 Marks)**

९. नेपालमा विकास आयोजनाहरू निर्धारित समय र लागतमा सम्पन्न हुन नसक्नुका कुन कुन कारणहरु हुन सक्छन्? व्याख्या गर्नुहोस्।(१०)

१०. दिगो मानव स्रोतको व्यवस्थापन भन्नाले के बुझिन्छ? मानव स्रोत व्यवस्थापनमा दिगोपनको महत्त्वबारे समेत चर्चा गर्नुहोस्। (१०)

**२०७५ साल(न्याय सेवा)**

**लोकसेवा आयोग**

**नेपाल न्याय सेवा न्याय कानुन र सरकारी वकिल समूह राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सोसरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा**

**पत्रः- प्रथम (शासन प्रणाली)**

**समयः- ३ घण्टा** **मितिः- २०७५/११/१६** **पूर्णाङ्कः- १००**

निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

**Section A (30 Marks)**

१. राज्य निर्माण र राष्ट्र निर्माण भन्नाले के बुझ्नुहुन्छ? राज्य निर्माणमा नागरिक समाजको भूमिकाबारे विवेचना गर्नुहोस्। (५+५)

२. सुशासनका अवयव उल्लेख गर्दै सूचनाको हक कार्यान्वयन गर्ने उपायहरू लेख्नुहोस्। (५+५)

३. नेपालको वर्तमान संविधानले बहुस्तरीय शासनका सम्बन्धमा गरेको व्यवस्थाबारे उल्लेख गर्दै यसको कार्यान्वयनमा देखिएका चुनौतीहरू बारे संक्षेपमा टिप्पणी गर्नुहोस्। (५+५)

**Section B (20 Marks)**

४. कानुनको शासन भन्नाले के बुझिन्छ? कानुनको शासनमा लोकतान्त्रिक मूल्य र मान्यताको स्थापना कसरी हुन सक्छ विवेचना गर्नुस्।(५+५)

५. नेपालको संविधानमा कार्यपालिका संसद र न्यायपालिकाको सन्तुलन व्यवस्था कसरी गरिएको छ– विवेचना गर्नुहोस्।(१०)

**Section C (30 Marks)**

khadakbc.com.np(open mind)

६. सार्वजनिक सेवा प्रवाहमा निजामती सेवाको भूमिका उल्लेख गर्दै सार्वजनिक सेवा बाडापत्रमा के कस्तो सुधार गर्नुपर्छ? उल्लेख गर्नुहोस्।(५+५)

७. सार्वजनिक कोषको परिभाषा गर्नुहोस् सार्वजनिक कोषको पूर्ण सदुपयोग गर्न आफ्नो राय सुझाव प्रस्तुत गर्नुहोस्। (३+७)

८. सार्वजनिक सेवामा सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई कसरी प्रभावकारी बनाउन सकिन्छ? बुँदागत रूपमा लेख्नुहोस्। (१०)

## Section D (20 Marks)

९. आय लेखा परीक्षणको आधारभूत सिद्धान्त र यसका लागि चाहिने आवश्यक कुराहरू के के हुन्? उल्लेख गर्नुहोस्।(४+६)

१०. नेपालमा योजना र बजेट प्रणाली बीच कायम हुनुपर्ने अन्तरसम्बन्धबारे चर्चा गर्नुहोस्।(१०)

khadakbc.com.np(open mind)

**२०७५ साल (संयुक्त)**

**लोकसेवा आयोग**

**राजपत्राङ्क तृतीय श्रेणी अप्राविधिक तर्फका विभिन्न सेवा समूह शाखा अधिकृत वा सोसरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा (लेखापरीक्षण)**

**पत्रः- द्वितिय (शासन प्रणाली)**

**समयः- ३ घण्टा** **मितिः- २०७५/१२/०२** **पूर्णाङ्कः- १००**

निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## Section A (30 Marks)

१. नेपालको संविधानमा बहुस्तरीय शासन प्रणालीलाई संस्थागत गर्न के कस्ता प्रावधान रहेका छन्? संघीय, प्रदेश तथा स्थानीय तहका शासनबीचको सहकार्यतालाई प्रवर्द्धन गर्ने सन्दर्भमा देखापरेका चुनौतीहरू विवेचना गर्नुहोस्। (४+६)

२. निपूर्ण(Efficient) शासन र प्रभावकारी(Effective) शासनको बीचमा रहेको भिन्नतालाई शासनका सिद्धान्तका आधारमा कसरी छुट्याउनुहुन्छ? (१०)

३. नेपालमा सार्वजनिक क्षेत्रलाई पारदर्शी बनाउन के कस्ता कानुनी र नीतिगत व्यवस्थाहरू गरिएका छन्? यसको अपवादहरू उल्लेख गर्नुहोस्। (५+५)

## Section B (20 Marks)

४. नेपालको संविधानका पाँचवटा विशेषताहरूबारे वर्णन गर्नुहोस्। कानुनी शासनले नेपालको शासन प्रणालीमा लोकतान्त्रिक मूल्य र मान्यता कसरी स्थापित गर्छ? (५+५)

५. नेपालमा मानव अधिकार सम्बन्धी संस्थागत र कानुनी व्यवस्थाबारे जानकारी गराउँदै विकास र मानव अधिकारबीच कस्तो अन्तरसम्बन्ध हुन्छ? प्रकाश पार्नुहोस्। (१०)

**Section C (30 Marks)**

६. सदाचार र नैतिकता भन्नाले तपाईं के बुझ्नुहुन्छ? के सार्वजनिक सेवा बडापत्रले निजामती कर्मचारीको नैतिकता बढाउन सहयोग गर्छ? (५+५)

७. उत्तरदायित्व भनेको के हो? शासनमा उत्तरदायित्वको आवश्यकता र महत्व उल्लेख गर्नुहोस्। (१०)

८. कर्मचारीतन्त्रको लालफित्ताशाही(Red tapism) भनेको के हो? नेपालको कर्मचारीतन्त्रमा यसको सुधार गर्ने उपायहरू प्रस्तुत गर्नुहोस्।(४+६)

**Section A (30 Marks)**

९. मानव स्रोत व्यवस्थापनमा कुन कुन कार्य पर्दछन्? छोटकरीमा विवेचना गर्नुहोस्। यी कार्यहरू अन्तर्गत कुन कुन क्रियाकलाप गरिन्छ? उल्लेख गर्नुहोस्।(१०)

१०. सार्वजनिक निजी साझेदारीलाई द्रुत गतिको विकास गर्ने एउटा माध्यमको रुपमा लिइन्छ। तर नेपालमा यो त्यति सफल भइसकेको छैन। अतः सार्वजनिक निजी साझेदारीको स्थितिमा सुधार ल्याउन कस्तो तरिका अपनाउनुपर्छ? (१०)

**२०७६ साल (परराष्ट्र सेवा)**

**लोक सेवा आयोग**

**नेपाल परराष्ट्र सेवा, राजपत्राङ्क तृतीय श्रेणी अप्राविधिक तर्फका विभिन्न सेवा समूह शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा**

**समयः- ३ घण्टा** **मितिः- २०७६/०३/२५** **पूर्णाङ्कः- १००**

**पत्रः- द्धितिय (शासन प्रणाली)**

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

**Section A (30 Marks)**

१. राष्ट्र निर्माण र राज्य निर्माणमा रहेका विभेद उल्लेख गर्दै नेपालको राष्ट्र निर्माण र राज्य निर्माणका मूलभूत चरणहरू वर्गीकरण गर्नुहोस्। (१०)

२. सरकार र शासन बीचको समानता र भिन्नता प्रष्ट पार्दै नेपालको शासन प्रणालीका मौलिक विशेषताबारे बुँदागत रुपमा प्रस्तुत गर्नुहोस्।(५+५)

३. राष्ट्रिय सुरक्षाका आधारभूत विशेषताहरु के के हुन्? राष्ट्रिय सुरक्षालाई सुदृढ गर्नका लागि राष्ट्रिय सुरक्षा परिषदले कसरी मुख्य भूमिका खेल्छ? नेपालको संविधानलाई आधार लिई तर्कपूर्ण र तथ्यपरक टिपोट प्रस्तुत गर्नुहोस्। (५+५)

**Section B (20 Marks)**

khadakbc.com.np(open mind)

४. नेपालको निजामती सेवामा समावेशीकरण नीतिको कार्यान्वयनबाट सेवा प्रवाह र प्रतिनिधित्वको क्षेत्रमा देखिएका प्रमुख प्रभावहरू के के हुन्? उल्लेख गर्नुहोस्। (१०)

५. संविधानवादका दृष्टिले नेपालको संविधानको सबल र दुर्बल पक्षहरूको विवेचना गर्नुहोस्।(१०)

**Section C (30 Marks)**

६. सार्वजनिक कोषको सदुपयोगमा सदाचारको प्रत्याभूति किन सार्वजनिक प्रशासनको महत्वपूर्ण अङ्ग हो? विद्यमान नेपालको कानुनी संरचनाको आधारमा उदाहरणसहित व्याख्या गर्नुहोस्। (१०)

७. सार्वजनिक सेवा बडापत्र भन्नाले के बुझ्नुहुन्छ? यसको प्रारम्भ र विकासक्रमबारे प्रकाश पार्दै सार्वजनिक सेवा प्रवाहमा यसले कसरी सघाउ पुर्याएको छ? स्पष्ट पार्नुहोस्। (३+४+३)

८. नेपालमा सार्वजनिक नीति तर्जुमा प्रक्रिया उल्लेख गर्दै यसमा गरिनुपर्ने सुधारहरूबारे आफ्नो धारणा लेख्नुहोस्।(१०)

**Section D (20 Marks)**

९. वित्तीय व्यवस्थापन भनेको के हो? सामाजिक उत्तरदायित्व र वित्तीय व्यवस्थापनको अन्तर सम्बन्ध प्रष्ट पार्नुहोस्। (४+६)

१०. "मानव स्रोतलाई संगठनको गतिशील, विविधयुक्त र असमित सम्भावना भएको सम्पत्तिका रूपमा लिइन्छ।" यस भनाइको पुष्टि गर्दै सार्वजनिक सेवाको क्षेत्रका निकायले जनशक्ति उपयोगको योजना निर्माण गर्दा रणनीतिक रूपमा महत्त्व दिनुपर्ने पक्ष के के हुन्? आफ्नो भनाइ प्रस्तुत गर्नुहोस्। (४+६)

**२०७७ साल (न्याय सेवा)**

**लोक सेवा आयोग**

**नेपाल न्याय सेवा न्याय कानुन र सरकारी वकिल समूह राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सोसरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा**

**समयः- ३ घण्टा मितिः- २०७७/०९/१५ पूर्णाङ्कः- १००**

**पत्रः- प्रथम (शासन प्रणाली)**

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

**Section A (30 Marks)**

१. नेपालमा सूचनाको हक सम्बन्धी प्रचलित कानुनी व्यवस्थाबारे जानकारी गराउनुहोस्। नेपालमा विद्यमान सूचनाको हक कार्यान्वयनमा रहेका व्यावहारिक समस्याहरू र समाधानका उपायहरू उल्लेख गर्नुहोस्। (१०)

२. सहकारितामूलक शासन भन्नाले के बुझ्नुहुन्छ? नेपालको संविधानले सहकारितामूलक शासनको अवधारणालाई कसरी कल्पना गरेको छ? चर्चा गर्नुहोस्। (४+६)

३. राष्ट्रिय सुरक्षा व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ? नेपालको राष्ट्रिय सुरक्षा व्यवस्थापनमा देखिएका चुनौती र समाधानका उपायहरु संक्षेपमा प्रस्तुत गर्नुहोस्। (२+४+४)

khadakbc.com.np(open mind)

## Section B (20 Marks)

४. नेपालले राजनीतिक तथा प्रशासनिक तहमा हाल अभ्यास गरिरहेको समावेशीकरण नीतिको व्याख्या र विश्लेषण गर्नुहोस्। (१०)

५. संवैधानिक निकायहरू कानुन निर्मित निकायहरूभन्दा कसरी फरक हुन्छन्? संवैधानिक निकायमा नियुक्ति प्रक्रियाबारे उल्लेख गर्नुहोस्।(१०)

## Section C (30 Marks)

६. निजामती सेवाका विश्वव्यापी मूल्य मान्यताहरूका पृष्ठभूमिमा नेपालको निजामती सेवालाई कसरी मूल्यांकन गर्नुहुन्छ? तर्कपूर्ण ढंगले आफ्नो धारणा दिनुहोस्। (१०)

७. "विद्युतीय शासन सुशासनको एक महत्वपूर्ण माध्यम हो।" भन्ने भनाइलाई पुष्टि गर्ने तर्कहरु प्रस्तुत गर्दैं यसमा नेपालले हालसम्म प्राप्त गरेका मुख्य मुख्य उपलब्धि र अनुभूत गरिएका चुनौतीहरूका विषयमा आफ्नो धारणा प्रस्तुत गर्नुहोस्। (४+३+३)

८. सार्वजनिक सेवा प्रवाह भन्नाले के बुझ्नुहुन्छ? सार्वजनिक सेवा प्रवाहलाई जनताको सहज पहुँचमा पुऱ्याउन स्थानीय तहको भूमिकालाई कसरी अभिवृद्धि गर्न सकिन्छ? बयान गर्नुहोस्। (१०)

## Section D (20 Marks)

९. सहभागितामूलक योजना प्रक्रियाका मान्यताहरू उल्लेख गर्दै नेपालको विकास प्रक्रियामा सहभागितामूलक योजना प्रक्रियाको अभ्यासमा माथि संक्षिप्त टिप्पणी गर्नुहोस्।(१०)

१०. आर्थिक अनुशासन कायम गर्न र गराउन आन्तरिक लेखापरीक्षणको आवश्यकता किन हुन्छ? आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण बीचको सम्बन्ध कसरी देख्नुहुन्छ? कारण सहित आफ्नो उत्तर दिनुहोस्। (१०)

khadakbc.com.np(open mind)

**२०७७ साल (संयुक्त)**

**लोक सेवा आयोग**

**अप्राविधिक तर्फका परराष्ट्र, प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद सेवा राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा**

**समयः- ३ घण्टा** **मितिः- २०७७/०९/२१** **पूर्णाङ्कः- १००**

**पत्रः- द्धितिय (शासन प्रणाली)**

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## Section A (30 Marks)

१. नागरिक समाज भन्नाले के बुझिन्छ? नागरिक समाजको शासनको सकारात्मक र नकारात्मक पक्षबारे विवेचना गर्नुहोस्। (१०)

२. शासनको अवधारणात्मक पक्षमाथि चर्चा गर्नुहोस्। साथै शासनका आधारभूत पक्षहरुलाई दृष्टिगत गर्दै नेपालको मौजुदा शासन प्रणालीमाथि विश्लेषणात्मक टिप्पणी गर्नुहोस्। (४+६)

३. "सूचनाको हकले पारदर्शिता प्रवर्द्धन गर्दछ भने पारदर्शिताले राज्य व्यवस्थालाई बलियो बनाउँछ।" भन्ने भनाइलाई पुष्टि गर्नुहोस्। (१०)

## Section B (20 Marks)

४. नागरिक चेतना भन्नाले के बुझिन्छ? नेपालको संविधानले नागरिकको कर्तव्य र जिम्मेवारीबारे के कसरी उल्लेख गरेको छ? चर्चा गर्नुहोस्। (५+५)

५. वर्तमान नेपालको संविधानका विशेषताहरूको व्याख्या गर्नुहोस्। र विगतका संविधानहरु भन्दा यस संविधानमा रहेका मुख्य मुख्य भिन्नताहरु औंल्याउनुहोस्। (५+५)

## Section C (30 Marks)

६. म्याक्स वेभर(Max Weber)ले वर्णन गरेका कर्मचारीतन्त्रका विशेषताहरू उल्लेख गर्दै आधुनिक सार्वजनिक व्यवस्थापनमा यसको सान्दर्भिकताबारे लेखाजोखा गर्नुहोस्। (५+५)

७. के राजनैतिक तटस्थता र प्रतिबद्धता परस्पर विरोधी धारणा हुन्? सार्वजनिक सेवालाई कसरी एकैपटक राजनीतिक रुपमा तटस्थ र प्रतिबद्ध बनाउन सकिएला? तर्कपूर्ण ढंगले आफ्नो धारणा दिनुहोस्।(१०)

८. नीति निर्माण भनेको के हो? प्रभावकारी नीति निर्माणका लागि ध्यान दिनुपर्ने विषयहरु के के हुन्? संक्षेपमा वर्णन गर्नुहोस्। (१०)

## Section D (20 Marks)

९. नेपालमा विद्यमान योजना अभ्यासका सबल र दुर्बल पक्षहरूको पहिचान गर्दै मुलुकको योजना प्रणालीलाई सुदृढ तुल्याउन कार्यान्वयन योग्य सुझावहरू प्रस्तुत गर्नुहोस्। (५+५)

१०. सहकारितामूलक योजना प्रणालीका आधारभूत मान्यताहरू उल्लेख गर्दै नेपालको विकास योजनामा यसको प्रयोग, सफलता र चुनौतीहरूबारे समीक्षात्मक टिप्पणी गर्नुहोस्। (१०)

**२०७८ साल (न्याय सेवा)**

**लोक सेवा आयोग**

**नेपाल न्याय सेवा न्याय कानुन र सरकारी वकिल समूह राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सोसरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा**

**समयः- ३ घण्टा** **मितिः- २०७८/०६/०१** **पूर्णाङ्कः- १००**

**पत्रः- प्रथम (शासन प्रणाली)**

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## Section A (30 Marks)

१. लोकतान्त्रिक शासन पद्धतिको अवधारणा र विशेषता स्पष्ट पार्नुहोस्। नेपालको सन्दर्भमा विद्यमान शासन प्रणालीलाई नागरिकमैत्री तुल्याउन के कस्ता उपाय अवलम्बन गर्नुपर्ने ठान्नुहुन्छ? (४+६)

२. नेपालको शासन व्यवस्थामा राजनीतिक र प्रशासनिक संरचना कस्तो रहेको छ? जानकारी गराउँदै यसका मूलभूत विशेषताहरु बारे छलफल गर्नुहोस्। (५+५)

khadakbc.com.np(open mind)

३. सूचनाको हक भन्नाले के बुझ्नुहुन्छ? नेपालमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले सूचनाको हक र सूचना प्रवाह सम्बन्धी के कस्तो व्यवस्था गरेको छ– उल्लेख गर्नुहोस्। (२+८)

**Section B (20 Marks)**

४. संविधानवाद भन्नाले के बुझिन्छ? नेपालको संविधानले संविधानवादको मूलभूत विशेषतालाई कतिको आत्मसात गरेको छ? उदाहरणसहित प्रस्तुत गर्नुहोस्। (३+७)

५. नेपालको संविधानले आत्मसाथ गरेको अधिकारमुखी शासनको कार्यान्वयनमा नागरिक सक्षमताको भूमिकाको विश्लेषण गर्दै जनतालाई संविधानले अपेक्षा गरेबमोजिम कर्तव्यशील र जिम्मेवार तुल्याउन राज्यले निर्वाह गर्नुपर्ने दायित्वको विषयमा आफ्नो भनाइ स्पष्ट रुपमा राख्नुहोस्। (४+६)

**Section C (30 Marks)**

६. सार्वजनिक सेवा प्रवाहमा राजनीतिक तटस्थता र राजनीतिक प्रतिबद्धताको प्रभाव कस्तो हुन्छ? विवेचना गर्नुहोस्। (१०)

७. "निजामती सेवाले राष्ट्रलाई दीर्घकालीन समृद्धि र विकासको मार्ग तर्फ डोर्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।" भन्ने कथनलाई मनन गर्दै नेपालको निजामती सेवाको समग्र कार्यसम्पादन स्तरमाथि विश्लेषणात्मक टिप्पणी गर्नुहोस्। (१०)

८. नेपालमा विद्युतीय शासनको वास्तविक सफलताका कुनै उदाहरण तपाईले देख्नुभएको छ? संक्षेपमा उल्लेख गर्नुहोस्। साथै भविष्यमा सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन विद्युतीय शासनका केही प्रवर्दनीय औजारहरूको बारे सुझाव दिनुहोस्। (१०)

**Section D (20 Marks)**

९. मानव स्रोत विकासका विभिन्न विधि तथा औजारहरु बारे चर्चा गर्दै नेपालको निजामती सेवामा मानव स्रोत विकासको अभ्यासबारे विश्लेषणात्मक टिप्पणी गर्नुहोस्। (१०)

१०. वित्तीय संघीयताले नेपालको योजना तथा बजेट प्रणालीमा पारेको प्रभावको आंकलन गर्नुहोस्। प्रदेश तथा स्थानीय तहका सरकारलाई संविधानः प्रदत्त सार्वजनिक वित्तीय स्वायतता र जवाफदेहिता बीच तादम्यता कायम गर्नका लागि अवलम्बन गरिने कार्यान्वयन योग्य उपाय के के देख्नुभएको छ? प्रष्ट पार्नुहोस्। (१०)

**२०७९ साल (संयुक्त)**

**लोक सेवा आयोग**

**अप्राविधिक तर्फका परराष्ट्र, प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद सेवा राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा**

**समयः- ३ घण्टा** | **मितिः- २०७९/०६/२८** | **पूर्णाङ्कः- १००**

**पत्रः- द्धितिय (शासन प्रणाली)**

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

**Section A (30 Marks)**

१. सूचनाको हक र पारदर्शिता बीचको अन्तरसम्बन्धबारे उल्लेख गर्नुहोस्। सार्वजनिक निकायमा पारदर्शिता कायम गराउन सूचनाको हकको भूमिका कस्तो रहेको छ? लेख्नुहोस्। (४+६)

khadakbc.com.np(open mind)

२. राष्ट्र निर्माणमा निजामती कर्मचारीको भूमिकाको लेखाजोखा गर्नुहोस्। राष्ट्र निर्माणका सन्दर्भमा राज्य प्रणालीको वैधता अभिवृद्धि गर्नका लागि राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व बीच कस्तो सहकार्य र साझेदारी परिकल्पना गर्नुभएको छ? स्पष्ट पार्नुहोस्। (५+५)

३. राष्ट्रिय सुरक्षाका चुनौतीहरू उल्लेख गर्नुहोस्। नेपालको सन्दर्भमा यस्ता चुनौतीहरुलाई व्यवस्थापन गर्ने संवैधानिक कानुनी र संगठनात्मक प्रावधानहरूबारे उल्लेख गर्नुहोस्। (५+५)

## Section B (20 Marks)

४. नेपालमा संवैधानिक विकासको चरण उल्लेख गर्दै नेपालको वर्तमान संविधानका मूलभूत विशेषताहरू लेख्नुहोस्। (५+५)

५. समानुपातिक प्रतिनिधित्व भन्नाले के बुझिन्छ? नेपालको संविधानले समानुपातिक प्रतिनिधित्वका सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ? उल्लेख गर्नुहोस्। (३+७)

## Section C (30 Marks)

६. सार्वजनिक कोषको उपयोग गर्ने सन्दर्भमा नेपालको निजामती सेवामा सदाचार र नैतिकताको अवस्था दर्शाउनुहोस्। (१०)

७. शासन सञ्चालनमा निजामती सेवाको भूमिका प्रस्तुत गर्नुहोस्। साथै नेपालको संघीय निजामती सेवाको स्वरूप कस्तो हुनुपर्छ– लेख्नुहोस्। (५+५)

८. विद्युतीय शासन भनेको के हो? यसले सार्वजनिक निकायमा सुशासनको प्रवर्द्धन गर्न कस्तो सहयोग पुर्याउँछ? पुस्ट्याई सहित उल्लेख गर्नुहोस्। (१०)

## Section D (20 Marks)

९. सार्वजनिक वित्त व्यवस्थापनको आवश्यकता किन पर्दछ? नेपालमा सार्वजनिक वित्तीय उत्तरदायित्व प्रवर्द्धनका सम्बन्धमा गरिएका व्यवस्थाहरूको विश्लेषण गर्नुहोस्। (५+५)

१०. आर्थिक अनुशासन कायम राख्न लेखा परीक्षणको आवश्यकता स्पष्ट पार्नुहोस्। साथै आन्तरिक र अन्तिम लेखा परीक्षण बीच फरक छुट्याउनुहोस्। (५+५)

khadakbc.com.np(open mind)

**२०८० साल (न्याय सेवा)**

**लोक सेवा आयोग**

**नेपाल न्याय सेवा न्याय कानुन र सरकारी वकिल समूह राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सोसरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा**

**समयः- ३ घण्टा** **मितिः- २०८०/०१/२७** **पूर्णाङ्कः- १००**

**पत्रः- प्रथम (शासन प्रणाली)**

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## Section A (30 Marks)

१. राष्ट्र निर्माण र राज्य निर्माणको बारेमा लेख्नुहोस्। साथै यी दुई अवधारणाहरू बीचको उदाहरणसहित व्याख्या गर्नुहोस्। (१०)

२. सूचनाको हकबारे स्पष्ट पार्नुहोस्। यस सम्बन्धमा नेपालमा के कस्ता संवैधानिक एवं कानुनी प्रावधानहरु रहेका छन्? वर्णन गर्नुहोस्। (४+६)

३. नागरिक समाजको शासन भन्नाले के बुझिन्छ? सार्वजनिक संस्थाहरूमा सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्न र समाजलाई रूपान्तरण गर्न नागरिक समाजको कस्तो भूमिका हुन्छ? संक्षेपमा उल्लेख गर्नुहोस्।(४+६)

## Section B (20 Marks)

४. नेपालमा कानुन निर्माण गर्ने प्रक्रियाको वर्णन गर्नुहोस्। यो प्रक्रियालाई अझ बढी कुशल र प्रभावकारी बनाउन व्यवहारिक सुझावहरू दिनुहोस्। (१०)

५. विद्यमान नेपालको संविधानमा पहिलेका संविधानहरूको तुलनामा धेरै मौलिक हकहरुको व्यवस्था छ। ती हकहरु के के हुन्? तिनीहरुलाई कार्यान्वयन गर्न राज्यले के कस्तो उपाय अवलम्बन गर्नुपर्दछ? संक्षेपमा उल्लेख गर्नुहोस्। (१०)

## Section C (30 Marks)

६. सार्वजनिक सेवा प्रवाहको कार्यक्षेत्र उल्लेख गर्नुहोस्। नेपालमा सार्वजनिक सेवा प्रवाहको कमजोर पक्ष औंल्याउनुहोस्। साथै यसको सुधारका लागि सुझाव प्रस्तुत गर्नुहोस्। (३+३+४)

७. राजनीतिक तटस्थतामाथि प्रकाश पार्नुहोस्। प्रतिबद्ध कर्मचारीतन्त्रभित्र राजनीतिक तटस्थताको सम्भावना वर्णन गर्नुहोस्। (४+६)

८. विद्युतीय शासन प्रणालीलाई संस्थागत गर्न के कस्ता नीतिगत, कानुनी र संरचनागत सुधार आवश्यक छन्? नेपालको विद्यमान अवस्थालाई विचार गर्दै सुझाव प्रस्तुत गर्नुहोस्। (५+५)

## Section D (20 Marks)

९. मानव स्रोत व्यवस्थापनका कार्यहरू के के हुन्? मानव स्रोत व्यवस्थापनमा नेपालले भोग्नुपरेका चुनौतीहरूको वर्णन गर्नुहोस्। (४+६)

१०. नेपालको १५औं योजनाका मुख्य उद्देश्यहरू माथि प्रकाश पार्दै यी उद्देश्यहरु हासिल गर्न आउने मुख्य चुनौतीहरु बारे छलफल गर्नुहोस्। (४+६)

khadakbc.com.np(open mind)

**२०८० साल (संयुक्त)**

**लोक सेवा आयोग**

**अप्राविधिक तर्फका परराष्ट्र, प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद सेवा राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा**

**समयः- ३ घण्टा मितिः- २०८०/०१/३० पूर्णाङ्कः- १००**

**पत्रः- द्वितिय (शासन प्रणाली)**

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## Section A (30 Marks)

१. नेपालको प्रशासनिक संरचनाको स्वरूप उल्लेख गर्नुहोस्। प्रशासनिक संरचनाले सार्वजनिक लेखा प्रणाली र सरकारको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा कसरी प्रभाव पार्दछ? लेख्नुहोस्। (४+६)

२. सूचनाको हक र पारदर्शिता सम्बन्धी संवैधानिक र कानुनी प्रावधानको संक्षिप्त वर्णन गर्दै सुशासनमा यसको भूमिका उल्लेख गर्नुहोस्। (४+६)

३. बहुस्तरीय शासनको अवधारणा प्रष्ट पार्नुहोस्। वर्तमान सन्दर्भमा बहुस्तरीय शासनको अवधारणाको औचित्यबारे चर्चा गर्दै "संयुक्त राष्ट्रसङ्घ ठूला शक्ति राष्ट्रद्वारा सञ्चालित अन्तर्राष्ट्रिय सरकार हो।" भन्ने भनाइलाई स्पष्ट पार्नुहोस्। (३+३+४)

## Section B (20 Marks)

४. नेपालमा संवैधानिक विकासको संक्षिप्त वर्णन गर्दै वर्तमान संविधानको मूलभूत विशेषताहरु उल्लेख गर्नुहोस्। (४+६)

५. समावेशीकरण र सकारात्मक विभेदबीच फरक छुट्याउनुहोस्। नेपालको निजामती सेवामा यी दुवै मूल्य मान्यताको अवलम्बन कसरी गरिएको छ? उल्लेख गर्नुहोस्। (५+५)

## Section C (30 Marks)

६. सेवा प्रवाहमा स्थानीय तहको सरकारको भूमिका लेख्नुहोस्। सेवा प्रवाहमा स्थानीय तहका सरकारले जनअपेक्षा अनुरुप किन महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छैनन्? कारण दिनुहोस्। (५+५)

७. सार्वजनिक उत्तरदायित्वलाई कसरी परिभाषित गर्नुहुन्छ? यसको अनुपालनामा सहभागी हुने आन्तरिक एवं बाह्य पात्रहरू उल्लेख गर्नुहोस्। (१०)

८. नेपालको निजामती सेवालाई उच्चस्तरको कार्यसम्पादनका निम्ति सक्षम तुल्याउन के कस्ता प्रमुख चुनौती रहेका छन्? यी चुनौतीहरू कसरी परास्त गर्न सकिन्छ? सुझाव दिनुहोस्। (४+६)

## Section D (20 Marks)

९. राज्य सञ्चालनमा मानव स्रोत व्यवस्थापन किन महत्वपूर्ण हुन्छ? मानव स्रोत उपयोगका विभिन्न पक्षहरूको व्याख्या गर्नुहोस्। (१०)

१०. सहभागितामूलक योजना र समावेशी विकास बीच कसरी फरक छुट्याउनुहुन्छ? सहभागिता, स्वामित्व र सहउत्पादनका अवधारणाबीच तुलना गर्नुहोस्। (१०)

khadakbc.com.np(open mind)

## २०८० साल (न्याय सेवा)

## लोक सेवा आयोग

## नेपाल न्याय सेवा न्याय कानुन र सरकारी वकिल समूह राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सोसरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

**समयः- ३ घण्टा** **मितिः- २०८०/०४/२२** **पूर्णाङ्कः- १००**

**पत्रः- प्रथम (शासन प्रणाली)**

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## Section A (30 Marks)

१. शासन भनेको के हो? नेपालको मौजुदा शासन प्रणालीका विशेषताहरूको व्याख्या गर्नुहोस्। (३+७)

२. सरकारको कार्यसम्पादन प्रणालीको पारदर्शिता र सरकारी निकायहरूप्रतिको जनविश्वास अभिवृद्धि बीचको सम्बन्धबारे लेख्नुहोस्। सूचनाको हकको सन्दर्भलाई समेत ध्यान दिँदै यसलाई स्पष्ट पार्नुहोस्। (१०)

३. राष्ट्रिय सुरक्षा व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ? नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरूको बारेमा उल्लेख गर्नुहोस्। (४+६)

## Section B (20 Marks)

४. संविधानमा निर्देशक सिद्धान्त र राज्यका नीतिहरू किन समावेश गरिन्छ? नेपालको वर्तमान संविधान अनुसार मौलिक हक उल्लङ्घन भएको स्थितिमा नागरिकले ती निर्देशक सिद्धान्त र राज्यका नीतिहरूको रक्षा कसरी गर्न सक्छन्? लेख्नुहोस् (५+५)

५. कानुनका स्रोतहरू उल्लेख गर्दै नेपालमा कानुन निर्माण गर्ने प्रक्रियाको व्यवस्थाबारे वर्णन गर्नुहोस्। (५+५)

## Section C (30 Marks)

६. सार्वजनिक सेवाका विशेषताहरु स्पष्ट रुपमा लेख्नुहोस्। शासनमा नयाँ अवधारणा अवलम्बन गरेर सार्वजनिक सेवा प्रवाहलाई कसरी सुधार गर्न सकिन्छ? वर्णन गर्नुहोस् (५+५)

७. सार्वजनिक कोष व्यवस्थापनको अवधारणा स्पष्ट पार्नुहोस्। नेपालमा सार्वजनिक कोषको उपयोगमा अनुभूत गरिएका समस्याहरु औंल्याउँदै समाधानका उपायहरु प्रस्तुत गर्नुहोस्। (२+४+४)

८. सार्वजनिक नीति भन्नाले के बुझिन्छ? नेपालमा सार्वजनिक नीति तर्जुमा कसरी गरिन्छ? प्रष्ट पार्नुहोस् (३+७)

## Section D (20 Marks)

९. मानव स्रोत व्यवस्थापनको महत्वपूर्ण अवयवमध्ये कर्मचारी उत्प्रेरणा भन्नाले के बुझ्नुहुन्छ? कर्मचारीहरुलाई उत्प्रेरित गर्ने मौद्रिक र गैर मौद्रिक तत्वहरु के के हुन्? उदाहरणसहित स्पष्ट पार्नुहोस् (३+७)

१०. चालु १५औं आवधिक योजनाका मुख्य प्रमुख लक्ष्य र उद्देश्यहरू उल्लेख गर्दै नेपालमा हालसम्मको विकास कार्यक्रमको उपलब्धिको संक्षेपमा समीक्षा गर्नुहोस्। (५+५)

**२०८० साल (संयुक्त)**

**लोक सेवा आयोग**

khadakbc.com.np/openmind)

**अप्राविधिक तर्फका परराष्ट्र, प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद सेवा राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा**

**समयः- ३ घण्टा मितिः- २०८०/०४/२५ पूर्णाङ्कः- १००**

**पत्रः- द्वितिय (शासन प्रणाली)**

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

**Section A (30 Marks)**

१. सूचनाको हक र पारदर्शिता बीचको सम्बन्धका बारेमा लेख्नुहोस्। किन यिनीहरु सुशासनको निमित्त महत्वपूर्ण मानिन्छन्? उल्लेख गर्नुहोस्। (५+५)

२. राष्ट्र निर्माणका आधारभूत पक्षहरू के के हुन्? राष्ट्र निर्माणका चुनौतीहरू उल्लेख गर्दै राष्ट्र निर्माणलाई गति प्रदान गर्ने उपयुक्त सुझाव प्रस्तुत गर्नुहोस्। (४+३+३)

३. राष्ट्रिय सुरक्षाका प्रमुख आयामहरु उल्लेख गर्दै नेपालमा यी आयामहरूको सान्दर्भिकताबारे चर्चा गर्नुहोस्। (४+६)

**Section B (20 Marks)**

४. नेपालको संविधानमा व्यवस्था भए अनुसार राज्यका निर्देशक सिद्धान्त र नीतिहरूको महत्वबारे चर्चा गर्दै ती निर्देशक सिद्धान्त र नीतिहरूको कार्यान्वयन सम्बन्धी प्रतिवेदन र अनुगमन बारे गरिएको व्यवस्था उल्लेख गर्नुहोस्। (१०)

५. नेपालको विधायन प्रक्रिया (विधायन पूर्व, विधान निर्माण र विधायन पश्चात्) संविधानले स्थापित गरेको नीति र कानुनी मार्गदर्शनमा आधारित छ। विश्लेषण गर्नुहोस्। (१०)

**Section C (30 Marks)**

६. राजनीतिक तटस्थता भन्नाले के बुझ्नुहुन्छ? प्रभावकारी सेवा प्रवाहको लागि तटस्थता किन आवश्यक पर्दछ? विचार प्रस्तुत गर्नुहोस्। (५+५)

७. नयाँ सार्वजनिक व्यवस्थापनको परिचय दिँदै सार्वजनिक सेवा प्रवाहका लागि आइपर्ने चुनौतीहरू सामना गर्न यसले के कस्ता प्रमुख कार्यहरु अवलम्बन गर्दछ? लेख्नुहोस्। (३+७)

८. नेपालमा विद्युतीय शासनले सामाजिक रुपान्तरणलाई कसरी सघाउ पुर्याउन सक्ला? विश्लेषण गर्नुहोस्। (१०)

**Section D (20 Marks)**

९. नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापन चक्रका चरणहरूको उदाहरणसहित वर्णन गर्नुहोस्। (१०)

१०. सहभागितामूलक योजना र सहभागितामूलक विकासको स्वरूपका आधारभूत सिद्धान्तहरु के के हुन्? नेपालको विकास प्रशासनमा सहभागितामूलक योजनाको अभ्यासको अवस्था प्रस्तुत गर्नुहोस्। (१०)

khadakbc.com.np(open mind)

## लोक सेवा आयोग

## नेपाल न्याय सेवा अन्तर्गत न्याय, कानून र सरकारी वकील समूह, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको प्रतियोगितात्मक लिखित परीक्षा

**समयः ३ घण्टा** **मितिः २०८०/१२/१८** **पूर्णाङ्कः १००**

### पत्रः प्रथम बिषयः शासन प्रणाली (Governance System)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

### Section – A 30 Marks

१. राष्ट्र निर्माण र राज्य निर्माणको अर्थ स्पष्ट पार्दै यी दुईबीचको भिन्नताका बारेमा व्याख्या गर्नुहोस्। (५+५)

२. सूचनाको हक सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाबारे प्रकाश पार्नुहोस्। सूचनाको हकले पारदर्शिता अभिवृद्धिमा कसरी सहयोग पुर्‍याउँदछ? उल्लेख गर्नुहोस्। (६+४)

३. नागरिक समाजको शासनका मूलभूत विशेषताहरू उल्लेख गर्नुहोस्। शासन प्रणालीमा नागरिक समाजको शासनको के कस्तो भूमिका रहेको हुन्छ? सान्दर्भिक उदाहरण सहित व्याख्या गर्नुहोस्। (४+६)

### Section-B 20 Marks

४. मौलिक हकलाई परिभाषित गर्नुहोस्। मौलिक हक र अन्य कानूनी अधिकारबीचका भिन्नताहरू स्पष्ट पार्नुहोस्। (४+६)

५. कानूनका प्रमुख श्रोतहरू उल्लेख गर्दै नेपालको कानून निर्माण प्रक्रियामा देखापरेका प्रमुख कमजोरीहरूबारे चर्चा गर्नुहोस्। साथै, यस प्रक्रियालाई सुधार गर्ने उपायहरू लेख्नुहोस्। (३+४+३)

### Section – C 30 Marks

६. नेपालको कर्मचारीतन्त्रका मूलभूत विशेषता र प्रवृत्तिमाथि प्रकाश पार्नुहोस्। नेपालको कर्मचारीतन्त्र सुधार गर्न के कस्ता कानूनी उपाय अवलम्बन गरिनुपर्छ? बर्णन गर्नुहोस्। (५+५)

७. नेपालमा सार्वजनिक नीति तर्जुमा प्रक्रियाबारे चर्चा गर्दै यस प्रक्रियामा देखापरेका प्रमुख सवालहरू पहिचान गर्नुहोस्। सार्वजनिक नीति तर्जुमा प्रक्रियालाई अझै बढी प्रमाणमा आधारित बनाउने उपायहरू उल्लेख गर्नुहोस्। (३+३+४)

८. विद्युतीय शासन भन्नाले के बुझिन्छ? नेपालमा विद्युतीय शासनको प्रभावकारी कार्यान्वयनका लागि कस्ता चुनौतीहरू रहेका छन्? उदाहरणसहित स्पष्ट पार्नुहोस्। (३+७)

### Section – D 20 Marks

९. नेपालको चालू १५औं आवधिक योजनाको राष्ट्रिय उद्देश्यहरू उल्लेख गर्नुहोस्। तथ्यलाई ध्यानमा राख्दै यसको कार्यान्वयनको विद्यमान अवस्था स्पष्ट पार्नुहोस्। (३+७)

khadakbc.com.np/openmind

१०. नेपालको सार्वजनिक प्रशासनमा मानव श्रोत प्राप्ति र विकास सम्बन्धी आधारभूत व्यवस्थाको चर्चा गर्नुहोस्। नेपालमा मानव श्रोत विकासका सन्दर्भमा के कस्ता समस्याहरू रहेका छन्? प्रष्ट पार्नुहोस्। (५+५)

**लोक सेवा आयोग**

**राजपत्रांकित तृतीय श्रेणी, अप्राविधिक तर्फ विभिन्न सेवा/समूहका शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको एकीकृत प्रतियोगितात्मक लिखित परीक्षा**

**समयः ३ घण्टा** **मितिः २०८०/१२/२१** **पूर्णाङ्कः १००**

**पत्रः द्वितीय बिषयः शासन प्रणाली (Governance System)**

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

**Section – A 30 Marks**

१. सहकारीतामूलक शासनको अवधारणाको व्याख्या गर्दै नेपालमा यस्तो शासनलाई प्रभावकारी बनाउन आवश्यक पर्ने उपायहरू उल्लेख गर्नुहोस्। (५+५)

२. नेपालको राष्ट्रिय सुरक्षा नीतिको प्रमुख विशेषतामाथि प्रकाश पार्नुहोस्। (१०)

३. नेपालको शासन प्रणालीका मुख्य विशेषतामाथि प्रकाश पार्दै शासन प्रणालीलाई थप सेवा प्रवाहमुखी बनाउने उपायहरू वर्णन गर्नुहोस्। (१०)

**Section – B 20 Marks**

४. नागरिकको मौलिक अधिकार र कर्तव्य भन्नाले के बुझ्नुहुन्छ? नेपालको संविधानले नेपाली जनतालाई प्रत्याभूत गरेका मौलिक हकहरूको कार्यान्वयन अवस्थाको वर्णन गर्नहोस्। (४+६)

५. नेपालको संविधानमा राज्यका तीन अंगहरू – कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच शक्ति सन्तुलन र नियन्त्रणको सम्बन्धमा के कस्तो व्यवस्था उल्लेख गरिएका छन्? प्रष्टरूपमा वर्णन गर्नुहोस्। (१०)

**Section-C 30 Marks**

६. भनिन्छ "नेपालको निजामती सेवा क्षमतावान छ तर यसले नतिजा प्रदान गर्न सक्दैन"। यदि यसले नतिजा प्रदान गर्न सक्दैन भने यो कसरी क्षमतावान हुनसक्छ? निजामती सेवालाई अझ नतिजामुखी बनाउन वर्तमान कानूनमा के कस्तो सुधार गर्नुपर्ला? सुझाब दिनुहोस्। (२+८)

७. सार्वजनिक सेवामा राजनीतिक तटस्थता र प्रतिबद्धताको अवधारणा प्रष्ट पार्नुहोस्। नेपालको सार्वजनिक सेवा क्षेत्रको सन्दर्भमा राजनीतिक तटस्थताको निर्धारक तत्वहरुको विद्यमान अवस्थाको मूल्याङ्कन गर्नुहोस्। (५+५)

८. नेपालमा सार्वजनिक नीति करसी तर्जुमा कसरी गरिन्छ? नीति निर्माण प्रक्रियाबारे संक्षेपमा चर्चा गर्दै मुलुकको शासकीय प्रणाली लगायत विभिन्न क्षेत्र र विषयमा प्रचलित सार्वजनिक नीतिको प्रभावकारी कार्यान्वयन गर्ने तरिकाहरू उल्लेख गर्नुहोस्। (४+६)

**Section-D 20 Marks**

khadakbc.com.np(open mind)

९. मध्यमकालीन खर्च संरचनाको परिचय दिनुहोस्। यस सम्बन्धी विद्यमान व्यवस्था उल्लेख गर्दै यसको आवश्यकता र उपादेयता पुष्टि गर्नुहोस्। (४+३+३)

१०. "सामाजिक उत्तरदायित्व" भन्नाले के बुझिन्छ? सार्वजनिक वित्तीय व्यवस्थापनमा सामाजिक उत्तरदायित्वको महत्वबारे उपयुक्त उदाहरणसहित चर्चा गर्नुहोस्। (३+७)

**लोक सेवा आयोग**

**राजपत्रांकित तृतीय श्रेणी, अप्राविधिक तर्फ विभिन्न सेवा/समूहका शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको एकीकृत प्रतियोगितात्मक लिखित परीक्षा**

**समयः ३ घण्टा** **मितिः २०८२/४/१९** **पूर्णाङ्कः १००**

**पत्रः द्वितीय [शासन प्रणाली (Governance Systems)]**

**तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

**Section - A [30 Marks]**

१. नेपालको वर्तमान प्रशासकीय ढाँचाको वर्णन गर्नुहोस्। यसलाई संघीय शासन प्रणाली अनुकूल तुल्याउन के कस्ता सुधार आवश्यक छ? उल्लेख गर्नुहोस्। Describe the present administrative structure of Nepal. What reforms are necessary to make it compatible with federal system of governance? Mention. 5+5=10

२. राष्ट्र निर्माण र राज्य निर्माणको अर्थ र अन्तरसम्बन्ध व्याख्या गर्नुहोस्। साथै, यी दुईबीचको भिन्नता लेख्नुहोस्। Explain the meaning and interrelationship of Nation Building and State Building. Also, write the differences between these two. 5+5=10

३. नेपालमा वर्तमान राष्ट्रिय सुरक्षा व्यवस्थापनको अवस्था कस्तो छ? समालोचनात्मक समीक्षा गर्नुहोस् । थप सुधारका लागि तपाईको धारणा प्रस्तुत गर्नुहोस। How is the existing status of national security management in Nepal? Review critically. Present your views for further improvement. 6+4=10

**Section - B [20 Marks]**

४. नेपालको संविधानद्वारा प्रत्याभूत शिक्षा सम्बन्धी हक उल्लेख गर्नुहोस्। नेपाल सरकारले नागरिकका यी हक पूरा गर्न पर्याप्त लगानी गरेको छ? विश्लेषण गर्नुहोस्। Mention the right relating to education guaranteed by Constitution of Nepal. Has Nepal government made adequate investment to fulfill these right of the citizen? Analyse. 5+5=10

५. कानूनको शासन भन्नाले के बुझिन्छ? नेपालको संविधानले कानूनको शासनको सुनिश्चितता कसरी गरेको छ? उल्लेख गर्नुहोस्। What is meant by Rule of Law? How has the Constitution of Nepal ensured the rule of law? Mention. 4+6=10

**Section - C [30 Marks]**

६. रजिनीतिक तटस्थताको अन्तरवस्तु के हो? के यस्तो तटस्थता नेपालको वर्तमान कर्मचारीतन्त्रमा हासिल गर्न सकिन्छ? व्याख्या गर्नुहोस्। What is the essence of political neutrality? Can such neutrality be achieved in Nepal's current bureaucracy? Explain. 4+6=10

khadakbc.com.np(open mind)

७. सार्वजनिक नीतिको परिचय दिनुहोस्? नेपालमा सार्वजनिक नीति तर्जुमा प्रक्रिया कस्तो छ? चर्चा गर्नुहोस् । Give an introduction of public policy. What is the process of public policy formulation in Nepal? Discuss. 3+7=10

८. नेपालमा विद्युतीय सुशासन कार्यान्वयन गर्न के कस्ता अवरोधहरू छन्? विद्युतीय सुशासनले कसरी भ्रष्टाचारलाई कम गर्न सक्छ? व्याख्या गर्नुहोस् । What are the obstacles to implement e-governance in Nepal? How can e-governance reduce corruption? Explain. 5+5=10

**Section - D [20 Marks]**

९. मानव श्रोत व्यवस्थापनका प्रमुख पक्षहरू के के हुन्? निजामती सेवामा मेधावी प्रतिभालाई आकर्षण गर्न र अडाइराख्न के-कस्तो उपायहरू अवलम्बन गर्नुपर्ला? चर्चा गर्नुहोस्। What are the major aspects of human resource management? What measures should be adopted to attract and retain brilliant talents in the civil service? Discuss. 5+5=10

१०. सहभागितामूलक योजनाका आधारभूत विशेषताहरू उल्लेख गर्नुहोस् । विकासमा सहभागितामूलक योजनाको के कस्तो महत्त्व रहेको हुन्छ? सान्दर्भिक उदाहरणसहित व्याख्या गर्नुहोस् । Mention the basic characteristics of participatory planning. What is the importance of participatory planning in development? Explain with relevant example. 5+5=10

<<समाप्त>>

khadakbc.com.np(open mind)